# बर्दिबास नगरकार्यपालिकाको विनियोजन ऐन, २०७७

बर्दिबास नगर कार्यपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७

प्रस्तावना: बर्दिबास नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्नेअधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा२२९कोउप-धारा (२) बमोजिम बर्दिबास नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१)यस ऐनको नाम "बर्दिबास नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ। (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७७।०७८ को निमित नगरकार्यपालिका, वडासमिति, विषयगत शाखा ले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालूखर्च, पूँजिगतर्ख र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१६३५१७६००० (अक्षेरुपी एक अर्ब त्रिसठ्ठी करोड एकाउन्न लाख छ्यत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजनः (१)यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएका रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त बर्दिबास नगरकार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एकशीर्षक बाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत मा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्चशीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ।

(४) दफा (२) मा उल्लेख भएको रकम भन्दा बाहेक न.पा.क्षेत्रभित्र कुनै नयाँ आर्थिक स्रोतको पहिचान भइ संघिय सरकार, प्रदेश सरकार वा अन्य कुनै संघसंस्था वा निकायबाट (बैदेशिक सहयोग समेत) थप रकम प्राप्त भएमा तत्काल नगरसभा बैठक बस्ने अवस्था नभएमा कार्यपालिका बाट उक्त रकम संचित कोषमा दाखिला गरी कार्यक्रम बनाइ खर्च गर्नेव्यवस्था मिलाइने छ। यसरी प्राप्त थप रकम र सो को कार्यक्रम त्यसपछि बस्ने नगरसभा बाट अनुमोदन गराउनुपर्ने छ।

Scanned with CamScanner

आर्थिक वर्ष २०७७/७८ को लागि आन्तरिक स्रोत तर्फको वार्षिक राजस्व अनुमान

| सि.नं. | शिर्षक नं | आय शिर्षक नाम | गत आ.व.०७६।७७ को अनुमानित रकम | सकलित रकम(०७६ साउन देखि चैत्र सम्मको) | आ.व०७७।७८ को अनुमानित रकम |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | ५०००००० | ४६४९७४२ | ६०००००० |
| २ | ११३१४ | भुमिकर/मालपोत कर | ४५००००० | २३९१४५७ | ४०००००० |
| ३ | ११३२१ | घर बहाल कर | ६०००००० | ३९८४१५९ | ६०००००० |
| ४ | ११३२२ | बहाल बिटौरीकर | १००००० | ५०० | १००००० |
| ५ | ११६१३ | व्यवसाय कर | ६०००००० | १७०३३७० | ६०००००० |
| ६ | ११६९१ | अन्य राजस्व | ५००००० | ११०० | १००००० |
| ७ | १४२१९ | अन्य सेवा शुल्क | १०००००० | ४६२४८० | १०००००० |
| ८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ६०१४० | २००००० |
| ९ | १४२४२ | नक्सा पास दस्तुर | ४०००००० | १००१२४१ | ४०००००० |
| १० | १४२४३ | सिफारिस दस्तुर | ४०००००० | २८१४५६३ | ४०००००० |
| ११ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ८४३०० | २००००० |
| १२ | १४२४९ | अन्य दस्तुर | ० | २५४५० | २००००० |
| १३ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १५००००० | ५१३७२० | १५००००० |
| १४ | | विज्ञापन कर | १८००००० | ० | १८००००० |
| १५ | १४१९१ | पर्यटन शुल्क | ५०००० | ० | ५०००० |
| १६ | ११४७९ | मनोरंजन कर | १५००० | ० | १५००० |
| १७ | १५१११ | बेरुजु असुली | ५०००० | ० | ५०००० |
| १८ | १४२१३ | दहत्तर बहत्तर को बिक्री शुल्क | ८४९८५००० | ५४४६६५५८ | ९३७८५००० |
| १९ | | बजार ठेक्का | ५००००० | ० | १०००००० |
| २० | १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर( मालपोतबाट प्राप्त हुने) | ३०००००० | १२१०३१७६ | २०००००० |
| | | जम्मा | १५०००००० | ८४२६१९५६ | १५०००००० |

Scanned with CamScanner

... मिति २०७८ असार १० गते बिहिवार यस बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री विदुर कुमार कार्की ज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरु र सहभागिहरुको उपस्थितिमा नगरपालिकाको आठौं नगरसभा प्रारम्भ गरियो।

उपस्थिति

| क.स. | पदाधिकारीको नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | श्री विदुर कुमार कार्की | नगर प्रमुख | ब.न.पा | |
| 2 | श्री कृष्णमाया गौतम | उप प्रमुख | ब.न.पा | कृष्णमाया |
| 3 | श्री चुडामणी पोखरेल | वडा अध्यक्ष | 1 | |
| 4 | श्री चन्द्र बहादुर वि.क. | वडा सदस्य | 1 | |
| 5 | श्री शान्ता श्रेष्ठ | वडा सदस्य | 1 | शान्ता |
| 6 | श्री निरोज अधिकारी | वडा सदस्य | 1 | |
| 7 | श्री सुमित्रा लामगादे | वडा सदस्य | 1 | |
| 8 | श्री भोलाराज प्याकुरेल | वडा अध्यक्ष | 2 | |
| 9 | श्री लोकेन्द्रराज काफ्ले | वडा सदस्य | 2 | |
| 10 | श्री ईश्वरी पोखरेल | वडा सदस्य | 2 | ईश्वरी |
| 11 | श्री रंगिता कर्ण | वडा सदस्य | 2 | रंगिताकर्ण |
| 12 | श्री एक बहादुर भुजेल | वडा सदस्य | 2 | |
| 13 | श्री राजन ढुंगाना | वडा अध्यक्ष | 3 | |
| 14 | श्री जुनु थापा | वडा सदस्य | 3 | जुनु |
| 15 | श्री टिकामाया वि.क. | वडा सदस्य | 3 | |
| 16 | श्री टिका बहादुर बस्नेत | वडा सदस्य | 3 | |
| 17 | श्री पुर्ण बहादुर मोत्तान | वडा सदस्य | 3 | |
| 18 | श्री दिप बहादुर कार्की | वडा अध्यक्ष | 4 | |
| 19 | श्री हरि बहादुर थिङ | वडा सदस्य | 4 | हरि |
| 20 | श्री चोलक बहादुर लङका | वडा सदस्य | 4 | |
| 21 | श्री फुलमाया वि.क. | वडा सदस्य | 4 | |
| 22 | श्री शारदा धेम | वडा सदस्य | 4 | |
| 23 | श्री [illegible] बहादुर [illegible] | वडा अध्यक्ष | 5 | |

Scanned with CamScanner